नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ | अंक १७८ | २०७६ साल फागुन १ गते बिहीबार (13 Feb. 2020 Thursday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशबण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*Log on : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : रेल मार्गले सकारात्मक ... ३ पृष्ठमा : एनसेलमार्फत माइक्रोसफ्टले ३ पृष्ठमा : केजरीवालले फेब्रुअरी १६ ...

## बर्दिबासदेखी इनरुवासम्मको रेल संचालन प्रकृया अघि बढ्यो

**दैनिक समाचारदाता**
**राजविराज, २९ माघ ।**

राष्ट्रिय गौरबको आयोजनाको रुपमा रहेको मेची-महाकाली विद्युतीय रेलमार्गको प्रकृया अघि बढाइएको छ । यस परियोजनाको कुल लागत ९६ अरब ८४ करोड पर्ने भएको छ ।

मेची-महाकाली विद्युतीय रेलमार्ग अन्तर्गत बर्दिवास-ईनर्वा खण्डको बातावरणीय प्रभाव मुल्यांकन सम्बन्धी सरोकारवालाहरुसँग बुधबार राजविराजमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रममा सो जानकारी दिइएको हो ।

सो परियोजना अन्तर्गतको बर्दिबास-ईनर्वा रेलमार्ग खण्डको सुरुवात प्रदेश २ को महोत्तरीको बर्दिबासबाट सुरु भई प्रदेश १ को इनरुवा नगरपालिकामा समाप्त हुने जनाइएको छ ।

रेल विभाग, रेल्वे तथा मेट्रो विकास आयोजनाबाट बातावरणीय प्रभाव मुल्यांकनको जिम्मेवारी पाएका फुलब्राइट कन्सलटेन्सी प्रा.लि.का प्रमुख मंजुलकृष्ण मानन्धरले मेची-महाकाली विद्युतीय रेलमार्गको कुल लम्बाई ९ सय ४५ कि.मि. मध्ये बर्दिवास-ईनर्वा खण्डको १ सय ३९.४२ कि.मि. लम्बाईको विस्तृत र सर्भे, डिजाईन कार्य तथा बातावरणीय प्रभाव मुल्याकंन कार्य समेत सम्पन्न गरि सकेको जनकारी दिएका छन् ।

रेल संचालनका लागि आवश्यक प्रकृया सुरु भई सकेको जानकारी दिँदै उनले अहिले सम्म कुल ७ खण्डहरु मध्ये ६ खण्डको विस्तृत सर्भे तथा डिजाईन कार्य सम्पन्न भईसकेको बताए ।

रेलमार्ग प्रदेश २ को

*बाँकी दुई पृष्ठमा*

## पत्रकार सिंहलाई मतृ शोक

**दैनिक समाचारदाता**
**राजविराज, २९ माघ ।**



नेपाल पत्रकार महासंघ सप्तरीका कार्यसमिति सदस्य भूषण सिंहलाई मातृशोक परेको छ ।

सप्तरीको तिलाठी कोईलाडी गाउपालिका सकरपुरा निवासी पत्रकार सिंहका आमा उम्दा देबी सिंहको ८२ बर्षको उमेरमा मंगलबार बिहान निधन भएको हो ।

यसैबीच नेपाल पत्रकार महासंघ सप्तरीका सहसचिव चन्दनकुमार यादवले एक शोक विज्ञप्ति जारि गर्दै मृत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक सम्वेदना प्रकट गरिएको छ ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

iPay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

### समुन्नत समाज निर्माणमा प्रहरीको सकारात्मक कदम

सप्तरी प्रहरीले अहिले दुर्घटना न्युनिकरणदेखी लिएर विभिन्न जनचेतनामूलक कार्यक्रमलाई विशेष ध्यान दिएर निरन्तरता दिइरहेको छ। प्रहरीले अहिले विशेष गरि बालबालिकालाई लक्षित गर्दै लागुपदार्थ तथा अपराध न्युनिकरण बारे जनचेतना दिन अग्रसरता दिएको देखिन्छ। समाजबाट अपराधलाई न्युनिकरण कसरी गर्ने बारे बालबालिकाहरुलाई नै जनचेतना दिए भने उनीहरु त्यस्ता कार्यलाई थोरै भएपनि कम गर्न सक्ने प्रहरीको उद्देश्य र लक्ष्य रहेको छ।

यसरी सानो उमेरका बालबालिकाहरुलाई अपराध न्युनिकरण र लागु औषधबारे जानकारी दिँदै गएमा त्यसको प्रभावकारी संकेत देख्न सकिन्छ। अहिले सबै भन्दा बढी अपराध लागु औषध र मादक पदार्थ सेवनले हुने गरेको प्रहरीको ठम्याइ छ। त्यसैले पनि प्रहरीले बढी स्कुले बालबालिकालाई यसको नकारात्मक र समाजमा पर्ने गरेको असर बारे ज्ञान बाढ्दै गएको छ। प्रहरीको यस्ता कार्य सकारात्मक कदम हो।

त्यस्तै सप्तरी प्रहरीले यती मात्र नगरेर दुर्घटना न्युनिकरण बारे समेत सचेतना दिदै छ। यसका लागि ठाउँ ठाउँमा डिजिटल होर्डिङ बोर्ड, चेकिङ तथा क्षेत्रिय स्तरको गोष्ठी समेत गर्ने गरेको छ। यस्ता कार्यले दुर्घटना न्युनिकरणमा सहयोग पुग्ने विश्वास गर्न सकिनछ। प्रहरीले यस्ता कदमले पक्कै पनि केही न केही सकारात्मक संकेत दिन सक्छ। तसर्थ प्रहरीको यस्ता अभ्यास र प्रयासप्रति सबै नागरिकले आफ्नो तर्फबाट सहयोग गर्नु आवश्यक छ। जसले गर्दा समुन्नत समाजको निर्माणमा सहयोग पुग्दछ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# रेल मार्गले सकारात्मक पक्षको संकेत देखाउँछ



अमरनाथ मण्डल

**“राजविराजको एक मात्र विमानस्थलमा नियमित बुद्ध एयरले संचालन गरिरहेका छन् भने रामराजा स्वास्थ्य विज्ञानप्रतिष्ठान संचालनको क्रममा केही आशाको किरणहरु देखा परिरहेका छन्। स्थानीय जनप्रतिधिहरुको कार्य अवधिको कार्यकालहरु नजिक्दै गईरहेको सन्दर्भमा उनीहरुले पनि आफ्नो क्षेत्र समुदायको विकासको लागि पहलको आवश्यकताहरु अनुभव गरिरहेका सन्दर्भमा राजविराजका निर्माणको पर्खाइमा बसेका बस स्टेण्ड तथा राजविराजको रोडका नालाहरु तथा सप्तरीका अधिकांश हुलाकी सडकसँग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा जुडिएका सडकहरुको विकासीय तद्रुपताहरुलाई अगाडि बढाइरहेको देखिन्छ। तसर्थ नेपालको परिपेशमा रेलमार्गको निर्माणको थालनी साकारात्मक नयाँ सन्देशको रुपमा सवल र पारदर्शित रुपमा अगाडिको अवस्था सिर्जना हुनु दिशा निर्दिश गरिरहेको छ।”**

सप्तरी जिल्ला लगायत तराई तथा मधेशका अधिकांश जिल्लाहरुमा रेल मार्गको मार्गहरु संचालन गर्ने उदेश्यले नेपाल सरकारबाट कार्यान्वयन योजनाहरु संचालन भइरहेको साकारात्मक पक्षको सवालहरुलाई स्वागत गर्ने योग्य देखिन्छ। तर खेतीयोग्य जमिनहरुमा रेलमार्ग निर्माण हुनु जटिलता र कृषि क्षेत्रलाई बाधकको रुपमा सिर्जना गर्ने गुनासोहरु आफ्नो ठाउँमा रहेको छ। तर, विकासीय दृष्टिकोणमा आर्थिक स्थितिको सम्मान गर्ने उदेश्यले यातायातको प्रमुख भुमिका रहेको सन्दर्भमा मधेशमा रेल मार्गको निर्माण हुनु साकारात्मक पक्षको संकेत मानिन्छ।


राजविराज नगरपालिका सभा हलमा रेलमार्गको विषयमा अन्तरक्रिया कार्यक्रममा उठेको प्रश्नको जवाफको सन्दर्भमा देखेको कुराहरु के प्रमाणित हुन्छ भने मधेशका अधिकांश जिल्लामा चाडै भन्दा चाडै यातायातको सन्दर्भमा ठुलो फडको मार्ने संकेतको सुरुवात हुनेछ। नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल भूपरिवेष्ठित देश भएको हुनाले जलमार्गको पर्याप्त अवस्था नरहेता पनि एक मात्र रेलमार्ग जनकपुर-जयनगर मात्र रहेको सन्दर्भमा अहिले रेल मार्गको सवालहरुमा सर्वे र निरिक्षण र जग्गा मूल्यांकन भइरहेको अवस्थामा सप्तरीको लगायतको मधेशको विकासमा ठुलो टेवा पुग्ने विश्वास गरिन्छ। जग्गा पर्ने जग्गाधनीहरुको आवश्यक जग्गाको मूल्यांकन गरी मुआब्जाको व्यवस्थापन गर्ने लगायत नक्शाको परिधिभित्र रेल मार्गको संचालन गर्ने अवस्थाको सिर्जना हुने सप्तरीको लागि स्वार्दपूर्ण वातावरणको मूल्यांकन र अनुगमन गर्नुपर्ने स्थानीय जनप्रतिनिधिहरुको दायित्व र कर्तव्य रहेको सन्दर्भमा नेपाल सन्दर्भमा रेलमार्गको निर्माण हुनु साकारात्मक संकेतको पहल हुनु देखिन्छ। तर, आर्थिक तथा जग्गाको पूर्वाधारहरुको आवश्यक आवश्यकताको मूल्यांकन र उपलब्धि सम्पूर्ण सुविधा भोगीहरुलाई आवश्यकता अनुसार वितरण प्रणालीलाई मजबुत र पारदर्शित बनाउनु पर्ने अवस्थाको सिर्जना हुनु पर्ने देखिन्छ। तर, जग्गाको मूल्यांकन सन्दर्भमा मोह, माया त्याग गरी विकासीय परिपाटीलाई सबलताका साथ अगाडि बढाउनुपर्ने सन्दर्भको खाचो अहिले पनि मधेशका अधिकांश जिल्लाहरुमा देखिएका छन्।

विकासको दृष्टिकोणमा सधै उपेक्षित र अपहेलित रहेको सप्तरी जिल्ला अहिले केही राजनीतिककर्मीहरुको सक्रियताको कारण तथा स्थानीय जनप्रतिधिहरुको सोच र चिन्तनमा परिवर्तनको लहर उत्पन्न भइरहेको कारण राजविराजको एक मात्र विमानस्थलमा नियमित बुद्ध एयरले संचालन गरिरहेका छन् भने रामराजा स्वास्थ्य विज्ञानप्रतिष्ठान संचालनको क्रममा केही आशाको किरणहरु देखा परिरहेका छन्। स्थानीय जनप्रतिधिहरुको कार्य अवधिको कार्यकालहरु नजिक्दै गईरहेको सन्दर्भमा उनीहरुले पनि आफ्नो क्षेत्र समुदायको विकासको लागि पहलको आवश्यकताहरु अनुभव गरिरहेका सन्दर्भमा राजविराजका निर्माणको पर्खाइमा बसेका बस स्टेण्ड तथा राजविराजको रोडका नालाहरु तथा सप्तरीका अधिकांश हुलाकी सडकसँग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा जुडिएका सडकहरुको विकासीय तद्रुपताहरुलाई अगाडि बढाइरहेको देखिन्छ। तसर्थ नेपालको परिपेशमा रेलमार्गको निर्माणको थालनी साकारात्मक नयाँ सन्देशको रुपमा सवल र पारदर्शित रुपमा अगाडिको अवस्था सिर्जना हुनु दिशा निर्दिश गरिरहेको छ।

नेपाल आर्थिक रुपमा विपन्नताको परिधि नाघन आफ्नो कम्बर कसिरहेको अवस्थामा विकासीय दृष्टिकोणको सबलताको कुराहरुमा यातायातको प्रमुख भूमिका रहेको अवस्थामा कृषकले उत्पादन गरेका उत्पादित वस्तुहरुको उचित दरभाउ मोल नपाई कृष बजारको स्थिति ह्रासको स्थितमा सिर्जना हुने देखिरहेको सन्दर्भमा नेपालको कृषि बजार दिनप्रतिदिन जोखिममा परिरहेको छ।जसको परिणाम विभिन्न किसिमका आन्दोलहरुमा राजमार्ग बन्दको परिवेश हेरी बन्दको क्रममा दूध उत्पादन गर्ने किसानहरुले राजमार्गमा दुध फाली विरोध गर्ने कतिपय उदाहरण हाम्रो सामु देखापरेका छन्। सन्दर्भ हेर्दा तथा परिस्थितिको मूल्यांकन गर्दा रेलमार्गको निर्माणसँगै कृषिजन्य पदार्थ तथा वस्तुहरुको उचित मूल्यको व्यवस्था हुने अवस्था र सन्दर्भ देखिन्छ। तराईको कृषिजन्य प्रमुख बालीको रुपमा धान उत्पादन रहेको अवस्थामा जब कृषकको भरमा धानको बाली थन्केर रहन्छ त्यसको मूल्य न्यूनको अनुपातमा व्यपारीहरुको दृष्टिकोणमा देखिन्छ भने त्यही धानको मूल्य व्यपारीको गोदाममा पुगेपछि आकाशने पुग्ने गरेको अवस्थाको पिडा कृषकहरुले वर्षौदेखि भोगिरहेको छ। रेलमार्गको निर्माणसँगै यातायातको पूर्ण व्यवस्था तथा कृषि जन्य पदार्थहरुको समयमा बजारसम्म पुर्याउने सक्रिय र सक्षम रेलमार्गले आफ्नो भूमिका निर्वाह गर्ने आशा र विश्वासको साथ कृषि व्यवपारीहरु तथा कृषकहरु रेलमार्ग संचालप्रति साकारात्मक संकेतको साथ आफ्नो मनो, भावना अनुरुप खुशी व्यक्त गरेका छन्। सप्तरी नेपालको सबभन्दा बढी कृषिजन्य पदार्थ उत्पादन गर्ने उत्पादित जिल्लाको रुपमा रहेको अवस्थामा धान खेती, गेहुँ खेती, लगायत हिउँदे तरकारी बालीहरुको ओहोरदोहोरमा तथा व्यवपारलाई केन्द्रीबिन्दु बनाउन सक्षम भूमिकाको रुपमा रेलमार्गले पुरा गर्ने आशा र विश्वास लिन्छ।

मधेशको तथा तराईका अधिकांश जिल्लाहरुमा हिउँदे बाली, तरकारी बाली धान खेती, गेहुँ खेतीहरुलाई बजारभाउ पाउनका लागि रेलमार्ग तथा व्यपार हाटहरुमा तरकारी तथा अन्य कृषिजन्य पदार्थहरुलाई बेचबिखन खरिद गर्नको लागि पुर्याउनुको आवश्यक माध्यमको रुपमा रेलमार्ग सार्थक सिद्ध हुने विश्वास गरिन्छ। तर रेलमार्गको सर्वेक्षण र अनुगमन, निरिक्षण पर्याप्त नभई व्यवहारमा तदरुपताका साथ सक्रियतापनको साथ प्राविधिक टोली नेपाल सरकार, स्थानीय जनप्रतिधि, प्रदेश सरकार लगायत राजनीतिक दल, नागरिक समाजहरुको सहयोग र आवश्यकताको अपरिहार्यता देखिन्छ।

## बर्दिबासदेखी ...




महोत्तरीको बर्दिबासबाट सुरु भई धनुषाको मिथिला नगरपालिका, क्षिरेश्वरनाथ, धनुषाग्राम, गणेशनाथचारनाथ, शहिद नगरपालिका, सिरहाको कर्जनहा, मिर्चैया, गोलबजार, धनगढीमाई, लहान, नरहा, सप्तरीको सुरुङ्गा, खडक, शम्भुनाथ, डाक्नेश्वरी, हनुमाननगर, कंचनरुप र राजविराज नगरपालिका, रुपनी, महादेवा र तिरहुत गाउँपालिका तथा प्रदेश १ को सुनसरी जिल्लाको कोशी, भोकाहा र नरसिङ्ग गाउँपालिका तथा ईनरुवा नगरपालिका सम्म पुगी समाप्त हुने जनाइएको छ।

कार्यक्रममा प्रस्तुत गरिएको संक्षिप्त जानकारी पत्र अनुसार यस रेलमार्गमा कुल १४ स्टेशन रहने छन्। जसमध्ये १० स्टेशन यात्रुहरुका लागि प्रयोगमा ल्याईने छ भने ४ स्टेशनहरु सिग्नल स्टेशनको रुपमा मात्र रहने छन्। साथै २ स्थानमा मालबाहक गाडी पनि रोकिने स्टेशनहरु हुनेछन्। त्यस्तै रेलमार्गले ओगटने जग्गा, रेलमार्गको केन्द्रविन्दुबाट दायाँ-बायाँ २५-२५ मिटरको भाग र स्टेशन क्षेत्रहरुमा थप जग्गा गरी कुल ८ सय १४.२२ हेक्टर जग्गा आवश्यक पर्ने जानकारी पत्रमा उल्लेख गरिएको छ।

प्रालिका प्रमुख मानन्धरले रेलवे संचालनका लागि आवश्यक पर्ने कुल जमिन मध्ये ७ सय ४१.६७ हेक्टर जग्गा निजी रहेको बताए। रेलवे ट्र्याक निर्माणका क्रममा निजी सम्पतीको क्षतिपुर्ती तथा समय सापेक्ष मुआब्जाका लागि आवश्यक पर्ने रकमबारे समेत रेलवे तथा मेट्रो विकास आयोजनालाई प्रतिवेदन बुझाई सकिएको उनले जानकारी दिए।

कायक्रममा राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, डाक्नेश्वरी नगरपालिकाका प्रमुख शिव नारायण साह, उद्योग बाणिज्य संघ सप्तरीका अध्यक्ष अरुण प्रधान, नागरिक संजाल सप्तरीका अध्यक्ष सुखराम यादव, रुपनी गाउँपालिकाका अध्यक्ष हरेराम यादव लगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरुले रेलसेवा संचालन गर्न प्रकृया अघि बढेकोमा प्रसन्नता व्यक्त गर्दै आफ्नो सुझाव समेत दिएका थिए।

# एनसेलमार्फत माइक्रोसफ्टले क्लाउड तथा अन्य सेवा दिने

**दैनिक समाचारदाता**
**काठमाडौं, २९ माघ ।**

एनसेल प्राईभेट लिमिटेडले माइक्रोसफ्टको कम्युनिकेसन सोलुसन्स् अन्तर्गतका क्लाउड सर्भिस र अनलाइन मिटिङ् टुल लगायतका सेवाहरु नेपाली कम्पनीहरुलाई उपलब्ध गराउन माइक्रोसफ्ट कर्पोरेसनसँग सहकार्य गरेको छ ।




गत हप्ता आयोजित एक कार्यक्रममा विभिन्न बैंक, व्यवसायीक घराना, एनजिओ, आईएनजिओका २५० भन्दा बढि प्रतिनिधी तथा अधिकारीहरुका माझ एनसेलले माइक्रोसफ्ट टियर वान क्लाउड सर्भिस प्रोभाइडर (सीएसपी) का लागि माइक्रोसफ्टसँग समझदारी भएको घोषणा गरेको हो ।

यो समझदारी अन्तर्गत एनसेलले विषेशगरी माइक्रोसफ्टका तीन सेवाहरु– अफिस थ्रिसिक्स्टिफाइभ, एज्योर र टिम्स् उपलब्ध गराउँन आफ्नो ध्यान केन्द्रित गर्ने जनाएको छ ।

अफिस थ्रिसिक्स्टिफाइभ क्लाउडमा आधारित एक सेवा हो जसको प्रयोगले कार्यहरुमा प्रभावकारीता थप्दछ र कार्यलयमा सबैलाई अझ प्रोडक्टिभ बन्दै प्रभावकारीरुपमा एक अर्कासँग सम्पर्कमा रहन सहयोग गर्दछ । यसले जानकारीहरु पत्ता लगाउन, ज्ञानहरु बाड्न, आफ्ना सहकर्मीहरुसँग कुराकानी गर्न देखि लिएर योजनाहरु बनाई प्रशासनिक कामहरुमा लाग्ने सयम घटाई चुस्त रुपमा कार्यहरु गर्न सबल बनाउँदछ । यसले गर्दा व्यवसायहरुले आफ्नो बढि समय अझ नवीन कार्यहरुमा लगाई आफ्नो व्यवसाय अघि बढाउन सक्छन् ।

त्यसैगरी माइक्रोसफ्ट एज्योर माइक्रोसफ्ट म्यानेज्ड डेटा सेन्टरहरु मार्फत आफ्ना एप्लिकेसन र सेवाहरु बनाउन, टेस्ट गर्न, प्रयोगमा ल्याउन प्रयोग हुने क्लाउड कम्प्युटिङ् सेवा हो । यो सेवा प्रयोग गर्ने कम्पनीका आईटी टिमले आफ्नो एप्लिकेसन बनाउन, त्यसको व्यवस्थापन गर्न र त्यसलाई आफुलाई मनपर्ने उपकरण र फ्रेमवर्कहरु प्रयोग गरी व्यापकरुपमा परिचालन गर्न सक्ने जनाइएको छ ।

त्यस्तै कार्यलयभित्र एकिकृत संचार र सहकार्यलाई सघाउन माइक्रोसफ्टको अर्को नविन सेवा माइकोसफ्ट टिम्स् रहेको छ । कार्यलयभित्रको आन्तरिक च्याट, भिडियो मिटिङ, फाइल स्टोरेज र एपलिकेशन इन्टिग्रेशन जस्ता विशेषता माइकोसफ्ट टिम्स्मा रहेको छ । यसले कार्यलयमा फाइल स्टोरेज, च्याट र अनलाइन मिटिङको लागि चुस्त वातावरण प्रदान गर्ने एनसेलका प्रमुख कार्यकारी अधिकृत एण्डि चोङ्गले जानकारी दिएका छन् ।

# कृषि तथा स्वास्थ्य सम्बन्धी सार्वजनिक सुनुवाई सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, २९ माघ ।**

सप्तरीको राजगढ गाउँपालिका वडा नं. २ बनौनियामा बुधबार कृषि तथा स्वास्थ्य सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।




प्रजनन् उमेरका महिला तथा पाँच वर्ष मूनीका बालबालिका, गरिब, दलित, विपन्न तथा सिमान्कृत परिवारलाई लक्षित गरि आसमान नेपाल र फरवार्ड नेपालको आयोजना तथा बिएमजेड र डब्लुएचएचको आर्थिक सहयोगमा कार्यक्रम सम्पन्न भएको हो ।

सो कार्यक्रममा कृषि तथा स्वास्थ्य सम्बन्धी स्थानिय इसरीदेवी पण्डित, जितनीदेवी खंग, रामजी मण्डल, हरिनारायण यादवले जिज्ञासा राखेका थिए ।

राजगढ गाउँपालिकाका अध्यक्ष परमानन्द यादवको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा स्वास्थ्य चौकीका प्रमुख सुरेन्द्र प्रसाद साह, कृषि शाखा प्रमुख राधाकुमारी यादव, पशु सेवा प्रतिनिधि बाबुसाहेब साह, आसमान नेपालका दिपक बहादुर अधिकारी र बेदानन्द चौधरीले कृषि तथा स्वास्थ्य सम्बन्धी चर्चा गरेका थिए ।

यसअघि २६ प्रकारका साग तथा तरकारीका बिऊ बितरण गरिएको थियो । त्यस्तै मेवा, निम, अम्बा र कागतीको बिरुवा बितरण गरिएको तथा पानी सिंचाई गर्न ड्रम, गार्डेन पाइप र हजारी समेत गाउँपालिकाका ४८ जना कृषकलाई बितरण गरिएको आसमान नेपालका बेदानन्द चौधरीले जानकारी दिएका छन् ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
**गजेन्द्र नारायण सिंह अस्पताल**
राजविराज, सप्तरी

फोन : ०३१-५२००३४ (अ)
०३१-५२०३३४ (ई)
फ्याक्स : ०३१-५२०१३४
**E-mail :** sagarmatha_hospital@yahoo.com

प.सं. : ०७६।७७
चलानी नं. : ८३१

**शिलवन्दी दरभाउपत्रहरुको स्वीकृत गर्ने आशय पत्रको सूचना ।**
**प्रकाशन मिति : २०७६।११।०१**

वातावरण पत्रिकामा प्रकाशित सूचना अनुसार निम्न कार्यका लागि पर्न आएको शिलवन्दी दरभाउपत्रहरु मध्ये तपसिल वमोजिमका दरभाउपत्र सारभुत रुपमा प्रभावग्राही न्यूनतम मुल्याकंन दरभाउपत्रहरु स्वीकृतीको लागि मुल्याकंन समितिवाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनको लागि सम्वन्धित सवै दरभाउपत्रदाताहरु लाई ७ (सात) दिने आशयको सूचना समेत यसै सूचनावाट जानकारी गराईन्छ ।

**तपसिल**

| ठेक्का नं. | विवरण | फर्मको नाम र ठेगाना | मु.अ.क.बाहेकको कबोल रकम रु. |
|---|---|---|---|
| १५।०७६।७७ | न्यानो झोला (लुगा सेट) | श्री जनमुक्ति हेल्थ इन्टरप्राइजेज काठमाण्डौं । | १५२००००।०० |

डा.दिलिप [illegible]
(नि.प्र.मे.सु.)

# विश्व समाचार

## केजरीवालले फेब्रुअरी १६ मा मुख्यमन्त्रीको सपथ लिने

नयाँ दिल्ली, २९ माघ (रासस/एएनआई) ।

आम आदमी पार्टी (आप)का नेता अरविन्द केजरीवालले दिल्लीको मुख्यमन्त्रीको फेब्रुअरी १६ मा सपथ लिनुहुने भएको छ । उहाँ दिल्लीको तेस्रो पटक मुख्यमन्त्री बन्न लाग्नुभएको हो ।

सपथ ग्रहण समारोह रामलिला मैदानमा आयोजना हुनेछ । आपले दिल्ली विधानसभाको चुनावमा दुई तिहाई बहुमतका साथ विजयी भएको थियो । आपले कूल ७० स्थानमध्ये ६२ स्थान जितेको थियो । दोस्रो स्थानमा रहेको भारतीय जनता पार्टीले आठ स्थानमा मात्र विजय हासिल गरेको थियो । यसअ सन् २०१५ को चुनावमा आपले ६७ तथा भाजपाले तीन स्थान जीतेका थिए । शीला दीक्षितको नेतृत्वमा लगातार तीन पटक चुनाव जीतेर सरकारको नेतृत्व गरेको भारतीय राष्ट्रिय काँग्रेसले पछिल्ला दुबै चुनावमा खातासमेत खोल्न सकेन ।

## चीनको उहानबाट कोरियालीको उद्धार, ६ जनामा भाइरसको लक्षण

सियोल, २९ माघ (रासस/योनहाप) ।

कोरोना भाइरसबाट प्रभावित चिनियाँ शहर उहानबाट १४७ जना दक्षिण कोरियालीलाई बिमानबाट उद्धार गरिएको छ । बुधबार सियोल आइपुगेकामा १४७ जना कोरियाली नागरिक, उनीहरुका चिनियाँ पति वा पत्नी तथा परिवारका सदस्य रहेका छन् । तीमध्ये छ जनामा कोरोना भाइरसको लक्षण देखिएको स्वास्थ्य अधिकारीले बताएका छन् ।

उद्धार गरिएका व्यक्ति चढेको चार्टर्ड बिमान बिहान ०६ बजे पश्चिमी सियोलको गिम्पो अन्तरराष्ट्रिय विमानस्थलमा अवतरण भएको थियो । कोरोना भाइरसको लक्षण देखिएका यात्रुलाई थप मेडिकल जाँच र उपचारका लागि नजिकको अस्पतालमा पठाइएको थियो । बाँकी यात्रुलाई सियोलको बाहिरी इलाकामा बनाइएको अस्थायी शिविरमा राखिएको छ ।

दक्षिण कोरियामा एक दर्जनभन्दा बढीमा कोरोना भाइरस देखिएको पुष्टि भइसकेको छ । चीनको उहानमा घातक कोरोना भाइरसका कारण मानिस बिरामी हुनेक्रम जारी रहेपछि १५ दिनभित्रै दुई उडानबाट ७०१ जनाको उद्धार गरिएको छ ।

तेस्रो उडानका यात्रुमध्ये करिब ६० जना चिनियाँ नागरिक छन् । उनीहरु दक्षिण कोरियाली परिवारका सदस्य रहेको र उनीहरुलाई चिनियाँ अधिकारीको स्वीकृति लिएर उडानमा समावेश गरिएको हो । सियोलले पछिल्लो उडानमा ७० जना चिनियाँसहित १७० जनालाई कोरिया ल्याउने योजना बनाएको थियो तर सबै व्यक्ति बिमानमा किन आएनन् भन्ने अन्यौल नै छ ।

उद्धार गरिएका व्यक्तिलाई सियोलबाट करिब ८० किलोमिटर टाढाको इन्चोनमा १४ दिनसम्म अस्थायी शिविरमा राखिने अधिकारीले बताएका छन् । अझै पनि उहानमा कबिर १०० जना दक्षिण कोरियाली रहेको विश्वास गरिएको छ ।

दक्षिण कोरियामा दुई दर्जनभन्दा बढी व्यक्तिमा कोरोना भाइरस रहेको पत्ता लागिसकेको छ अद्यापी कुनै पनि व्यक्तिको बुधबारसम्म मृत्यु भएको छैन । चीनमा भने भाइरसका कारण मृत्यु हुनेको सङ्ख्या एक हजार १०० पुगिसकेको छ भने ४४ हजारमा सङ्क्रमण देखिएको छ ।

## हिंसात्मक कारबाही रोक्न तालिबानको सहमति

काबुल, २९ माघ (रासस/सिन्ह्वा) ।

अफगानिस्तानका राष्ट्रपति मोहम्मद असरफ घानी र संयुक्तराज्य अमेरिकाका विदेशमन्त्री माइक पोम्पेओबीच अमेरिका र तालिबान समूहबीच जारी वार्ताको विषयमा टेलिफोन वार्ता भएको छ ।

मङ्गलबार साँझ भएको यस वार्तामा पोम्पेओले घानीलाई अफगानिस्तानका विद्रोही समूह तालिबानसँग जारी रहेको यस शान्ति वार्तामा उल्लेखनीय प्रगति भएको जानकारी दिनुभएको छ । हिंसामा उल्लेखनीय र स्थायी कमी ल्याउने सम्बन्धमा तालिबानीले प्रस्ताव गरेको विदेशमन्त्री पोम्पेओले जानकारी गराउनु भएको घानीले आफ्नो ट्विटरमा लेख्नुभएको छ ।

'यो स्वागतयोग्य हो र मलाई खुसी लागेको छ । हाम्रो प्रमुख उद्देश्य मूर्खतापूर्ण रक्तपात अन्त्य गर्नु हो' घानीले भन्नु भएको छ । अमेरिकी र तालिबानी प्रतिनिधिको सहभागितामा यस महिनाको सुरुदेखि वार्ताको लागि दुईवटा बैठक आयोजना भएको छ । आइतबार अफगानिस्तानका लागि अमेरिकाका विशेष शान्तिदूत जाल्मे खलिलजादले तालिबानका सहसंस्थापक मुल्लाह बारादार र अन्य कैयौं तालिबानी नेतासँग भेट्नुभएको थियो ।

अमेरिका र तालिबानको वार्ताको विषयमा नेटो, पाकिस्तान र अफगानी नेतासँग वार्ता गर्नको लागि खलिलजाद बेल्जियमको ब्रसेल्स, पाकिस्तानको इस्लामाबाद र अफगानिस्तानको काबुलको यात्रापछि दोहा फर्किनु भएको समाचारमा जनाइएको छ ।

समग्र शान्ति प्रक्रियालाई सकारात्मकरुपमा समर्थन गर्न अफगानिस्तानले आगामी चरणका वार्ताहरुको व्यवस्थापन गर्ने पनि घानीले बताउनुभएको छ । यसैबीच, एएफपीका अनुसार अमेरिकी अखबार दी न्यूयोर्क टाइम्सले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प तालिबानलाई एक साताको समय दिन मन्जुर हुनुभएको समाचार छापेको छ । एक साता अफगानिस्तानमा हिंसात्मक घटना रोकिए थप विचार विमर्श गर्न आफू तयार रहेको राष्ट्रपति ट्रम्पले वार्तामा सहभागी दुबै पक्षलाई जानकारी दिनुभएको छ ।

अमेरिकी प्रस्तावको तालिबान समूहले स्वीकार गरेको पाकिस्तानमा रहेका तालिबान समूहका नेताले बताएका छन् । गत फेब्रुअरी ४ मा राष्ट्रपतिको "स्टेट अफ दी युनियन" सम्बोधनमा पनि ट्रम्पले अफगानिस्तानमा तैनाथ अमेरिकी सेनालाई स्वदेश फर्काउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । अफगानिस्तानमा हाल १४ हजारभन्दा बढी अमेरिकी सेना तैनाथ छन् ।

# सप्तरी सुटिङ संघको नयाँ कार्यसमिति चयन



**दैनिक समाचारदाता**
**राजविराज, २९ माघ ।**

सप्तरी सुटिङ संघको आगामी चार वर्षे कायकालका लागि ९ सदस्यीय जिल्ला कार्य समिति निर्विरोध चयन भएको छ ।

संघको तेश्रो वार्षिक साधारण सभाले बुधबार शशीकला मानन्धरको अध्यक्षतमा सो समिति निर्विरोध चयन गरेको हो ।

नवगठित समितिको उपाध्यक्षमा सचिन्द्र दास, सचिवमा शत्रुधनलाल दास र कोषाध्यक्षमा संतोष प्रसाद साह छन् । त्यस्तै सदस्यहरुमा कल्पना मानन्धर, खुश्वु चौधरी, पुरेन्द्र दास, मिथिलेश देव र राजकुमार देव रहेका छन् ।

संतोष दासद्वारा संचालन गरिएको साधारण सभामा प्रमुख अतिथी जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख दिनेश भुजेल, केन्द्रिय पर्यवेक्षक मदन प्रसाद घिमिरे, नेपाल खेलकुद पत्रकार मंच सप्तरीका अध्यक्ष मनोजकुमार माझी, जुडो संघका केन्द्रिय सदस्य पियुस श्रेष्ठ लगायतले शुभकामना दिएका थिए ।

# वडा स्तरीय टिमलाई क्रिकेट सामग्री हस्तान्तरण



**दैनिक समाचारदाता**
**राजविराज, २९ माघ ।**

गजेन्द्र नारायण सिंह क्रिकेट प्रतियोगिताका लागि सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले बुधबार वडा स्तरीय क्रिकेट टिमलाई क्रिकेट सामग्रीहरु हस्तान्तरण गरेको छ ।

बुधबार आयोजित एक कार्यक्रमबीच गाउँपालिकाले गत बर्षदेखि सञ्चालन गरेको गजेन्द्र नारायण सिंह स्मृति क्रिकेट प्रतियोगिताका लागि आठ वटै टिमलाई गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंहले क्रिकेट सामग्रीहरु हस्तान्तरण गरेका हुन् ।

आठ वटै वडाका वडा अध्यक्षहरुको सहभागितामा अध्यक्ष सिंहले क्रिकेट सामग्रीहरु हस्तान्तरण गर्नुभएको गाउँपालिकाका सूचना अधिकारी राजेश कुमार झाले जानकारी दिएका छन् ।

सो क्रिकेट प्रतियोगिता यस वर्ष फागुन ११ गतेदेखि मावि कट्टीको खेलमैदानमा सञ्चालन गरिने सूचना अधिकारी झाले जानकारी दिए ।

# मोतिगाडालाई पञ्चशिल्ड प्रतियोगिताको उपाधी

**दैनिक समाचारदाता**
**राजविराज, २९ माघ ।**

सप्तरीको सुरुङ्गा नगरपालिका ५ कुशहास्थित खेलमैदानमा सञ्चालित दशौं पचशिल्ड फुटबल प्रतियोगिता २०७६ को उपाधी मोतिगाडा उदयपुर फुटबल क्लब मोतिगाडा उदयपुरले हात पारेको छ ।



प्रतियोगिता अन्तर्गत बुधवार सम्पन्न फाईनल खेलमा पानबारी फुटबल क्लब पानबारी सिरहालाई टाईब्रेकरमा २ का बिरुद्ध ३ गोलले पराजित गर्दै मोतिगाडाले उपाधी हात पारेको हो ।

निर्धारित समयमा दुबै टीमबाट गोल हुन नसकेपपछि खेलको निर्णय टाईब्रेकरबाट लिएको थियो । उपाधीसँगै उदयपुरले नगद रु ५१ हजार तथा शिल्ड हात पारेको छ भने उपबिजेता पानबारीले नगद रु ३५ हजार कपमा चित बुझाएका छन् ।

प्रतियोगिताको म्यान अफ द सिरिज मोतिगाडाका प्रबिण राई घोषित भएका छन् । प्रतियोगिता पश्चात् आयोजित पुरस्कार बितरण तथा समापन कार्यक्रममा प्रतिनिधिसभा सांसद तेजुलाल चौधरी, सुरुङगा नगरपालिकाका प्रमुख मुक्तिनाथ चौधरीले पुरस्कार तथा प्रमाणपत्र बितरण गरेका थिए ।

स्पोर्टस एकेडेमी सुरुङ्गा ५ कुशहाको आयोजनामा शुरु भएको प्रतियोगितामा सप्तरी र सिरहाका बिभिन्न १० क्लबको सहभागिता रहेको थियो ।

# भन्सार छलेका कपडा बरामद

**दैनिक समाचारदाता**
**राजविराज, २९ माघ ।**

सप्तरी प्रहरीले बुधबार जिल्लाको विष्णुपुर गाउापालिका वडा नं. ६ स्थित भारतबाट नेपालतर्फ भन्सारको छलेर ल्याउदै गरेको विभिन्न कपडाहरु बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलिलाई देख्ने बित्तिकै ती कपडाहरु छोडेर तस्कारहरु फरार भएको प्रहरीले जनाएको छ ।

यसरी प्रहरीले साडी ५ थान, रेडिमेड कुर्ता ६ थान र सिल्की कपडाको रोल ३ थान गरी करिब २० हजार पाँच सय मुल्य बराबर कपडाहरु बरामद गरेको जनाएको छ ।

यता बरामद गरिएको साडीहरुलाई प्रहरीले भन्सार कार्यालयमा बुझाएको जनाएको छ ।

# जबरजस्तीकरणीका फरार एक अभियुक्त पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २९ माघ ।**

सप्तरी प्रहरीले जबरजस्तीकरणी र चोरी मुद्दाका फरार एक अभियुक्तलाई पक्राउ गरेको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ११ इनरुवा निवासी हरिनारायण यादवलाई प्रहरीले पक्राउ गरेको जनाएको छ ।

विभिन्न मुद्दामा अदालतबाट कैद सजाय सुनाइएका र फैसला नहुदै फरार रहेका प्रतिवादीहरुलाई प्रहरीले खोजतलास गरी धमाधम पक्राउ गर्न थालेको छ ।

विषेश सुराकीको आधारमा प्रहरी टोलीले ५० वर्षिय यादवलाई गाउँ मै लुकेर वसेको अवस्था मंगलवार राती ९ बजे तिर पक्राउ गरेको हो । उनलाई बुधवार अदालतको जिम्मा लगाइएको डिएसपी तिलक भारतीले जानकारी दिए ।

जबरजस्तीकरणी र चोरी मुद्दामा अदालतको २०७६ जेठ १ गते को फैसला कार्यान्वय गराउने सिलसिलामा उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।


## बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि






बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

थप जानकारीका लागि

गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज

फोन नं. : 031-522408/09




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.

राजविराज ४, फोन नं. ०३१-५२१०९६





**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*